विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०७/१६ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत असोज महिनाको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | बहुवर्षीय (४ वर्षे) Inner Road Improvement Plan (IRIP) – सडक पिच योजना/नाला समेत सम्बन्धमा। | महानगरपालिका क्षेत्रभित्रका करिब ७०० किमि भित्री सडकहरूको सुधार गरी कालोपत्रे गर्ने (नाला निर्माण समेत) उद्देश्य अनुरुप बहुवर्षीय (४ वर्षे) भित्री सडक सुधार योजना (Inner Road Improvement Plan – IRIP) आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सञ्चालन गर्ने र सोको लागि आवश्यक अध्ययन तथा DPR निर्माण लगायतका कार्य गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो। उक्त योजना अन्तर्गत उत्तरी क्षेत्र २५० किमि, मध्य क्षेत्र १९५ किमि र दक्षिणी क्षेत्र ३०० किमि गरी जम्मा ७४५ किमि सडकको नाला सहित पिच गरी सुधार गर्ने निर्णय गरियो। |
| ३ | एकीकृत वस्ती विकास (सबै सुकुम्वासी पहिचान गरेर मात्र) व्यवस्थित गर्ने सम्बन्धमा। | महानगरपालिका क्षेत्रभित्र बसोबास गरिरहेका सबै सुकुम्बासीहरूलाई पहिचान गरी एकीकृत वस्ती विकासको योजना मार्फत व्यवस्थित गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | सिंघिया र केशलिया खोलाको बहुउपयोगी योजनासम्बन्धी DPR गर्ने सम्बन्धमा। | महानगरपालिकाको पूर्व र पश्चिम सिमानामा रहेका सिंघिया र केशलिया खोलाको बहुउपयोगी योजना निर्माणको लागि DPR लगायतका कार्य गर्न आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | वडा नं.९, गुदरी स्थित महानगरपालिकाको स्वामित्वमा रहेका बाँकि जग्गाहरू र D-Plot व्यवस्थापन सम्बन्धमा। | वडा नं.९, गुदरी स्थित महानगरपालिकाको स्वामित्वमा रहेका बाँकि जग्गाहरू र D-Plot व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी प्रक्रिया पुऱ्याई आवश्यक कार्य गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ६ | महानगरभित्रका सम्पूर्ण सार्वजनिक, ऐलानी जग्गाहरूको खोजी सम्बन्धमा। | महानगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सार्वजनिक, ऐलानी जग्गाहरूको खोजी गरी सोको अभिलेख राख्ने एवम् संरक्षण गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | सार्वजनिक नगर बस सञ्चालन सम्बन्धमा। | विराटनगर महानगरपालिका क्षेत्रभित्र प्रदेश लगानी प्राधिकरण, प्रदेश नं.१ को समन्वय, सहजीकरण र साझेदारीमा निजी क्षेत्रका लगानीकर्ताहरूबाट सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार सार्वजनिक नगर बस सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |
| ८ | विविध। | (क) स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को सम्बन्धमा छलफल तथा विश्लेषण गरी सो कार्यविधि अनुरुप कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल

(ख) साविक बखरी ९(घ), हाल विराटनगर ५ स्थित कि.नं.१०३ को पश्चिम तर्फबाट ०-७-१३ (बिघा) र कि.नं.२३८ को उत्तर तर्फबाट ०-३-१४-२ (बिघा) गरी जम्मा ०-११-७-२ (बिघा) जग्गामा जापान सरकारको सहयोगमा JICA मार्फत खानेपानीको ओभरहेड ट्याङ्की सहितको संरचना निर्माण गर्न खानेपानी संस्थानलाई सहमति दिने सर्वसम्मतिले निर्णय गरियो।

(ग) शिक्षकहरू प्रसूति विदामा बसेको बखत विद्यालयको पठनपाठनलाई व्यवस्थापन गर्न बनेको "प्रसूति सट्टा शिक्षक व्यवस्थापन मापदण्ड, २०७९" लाई आवश्यक अध्ययन तथा छलफलका लागि विधेयक समितिमा पठाउने सर्वसम्मतिले निर्णय गरियो।

(घ) चालु आ.व.२०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा भुक्तानी दिन बाँकि योजनाहरू अन्तर्गत विराटनगर ८ स्थित कोशी बचत सहकारी संस्था लि.देखि निरन्जन अधिकारीको घर जाने बाटो निर्माणका लागि रु.५,७५,०००।– रकम विनियोजन हुनुपर्नेमा रु.५,००,०००।– मात्रै विनियोजन भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी अपुग रकम रु.७५,०००।- व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ङ) चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रममा सामुदायिक कुकुर बन्ध्याकरण शीर्षकमा रु.१०,००,०००।– रकम विनियोजन भएकोमा उक्त बजेट अपुग हुने भएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सो शीर्षकमा थप रु.१५,००,०००।– रकम व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(च) आ.व.२०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा एम्बुलेन्स खरिद तथा सञ्चालन शीर्षकमा रु.६०,००,०००।० रकम विनियोजन भएको हुँदा एक थान एम्बुलेन्स र आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सोही शीर्षकमा अपुग रकम थप गरी एक थान शववाहन खरिद गरी सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(छ) विराटनगर महानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि निर्माणका लागि सम्बन्धित विषय विज्ञमार्फत सेवा लिने सर्वसम्मतिले निर्णय गरियो।

(ज) पटकपटक सूचना प्रकाशित गर्दा समेत जडीबुटी, कवाडी र जीवजन्तु कर सङ्कलनको ठेक्का व्यवस्थापन हुन नसकेकोले आ.व.२०७८/०७९ को ठेक्का रकम रु.३१,५१,४४१।– लाई बाह्र महिनाले भाग गरी आउने रकमका आधारमा ठेक्का व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(झ) अन्य स्थानीय तहमा दर्ता भई यस महानगरपालिकामा स्थानान्तरण/ठाउँसारी हुन आउने 'घ' वर्गको व्यवसाय दर्ता गर्दा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.५,०००।० दस्तुर लिने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

(ञ) महानगरपालिकामा रु.२० लाखभन्दा माथि कर बुझाउन बाँकि रहेका करदातालाई सोही आर्थिक वर्षमा २ किस्तामा ५०/५० प्रतिशतका दरले कर बुझाउन दिने सर्वसम्मतिले निर्णय गरियो।

(ट) इ-रिक्साको नवीकरणका लागि जाँचपास तथा रुट इजाजत शुल्क चालु आ.व.को मात्रै लिनुपर्नेमा गत आ.व.मा देहायका व्यक्तिहरूको विगतका वर्षहरूको समेत गणना गरी बढी रकम असुल गरिएको हुँदा निजहरूको नाममा रहेको इ-रिक्सा यस आ.व.भित्रमा नवीकरण गरेमा बढी असुल गरिएको शुल्क समायोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

| सि. नं. | नाम | इ-रिक्सा नं. | असुल भएको बढी रकम | समायोजन गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १ | विनय कुमार दास | विराटनगर १ ह ०००२ | ४,०००।० | ४,०००।० |
| २ | युवराज पौडेल | विराटनगर १ ह ०००१ | १,०००।० | १,०००।० |
| ३ | युवराज ओझा | विराटनगर १ ह ०००६ | १,०००।० | १,०००।० |
| ४ | सुजित कुमार साह | विराटनगर १ ह ००१० | २,०००।० | २,०००।० |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल